# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत, गण्डकी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/२९)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ र पैयुँ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०४।२६ गतेको निर्णय बमोजिम आ.व.२०८२।८३ को लागि पैयुँ गाउँपालिकाको क्षेत्राधिकार भित्रका कवाडी जन्य सामान निकासी करको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरी नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरूबाट वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयबाट सिलबन्दी दरभाउ पत्र फारम खरिद गरी रितपूर्वक पेस गर्न सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ।

शर्तहरुः

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८२।०५।१२ गते) सम्म कार्यालय समय भित्र कृषि विकास बैङ्क लि, हुवास शाखामा रहेको यस कार्यालयको ग.१.१ आन्तरिक राजश्व खाता नं. ०३१८५०१५०८४०१०७६ मा अनसुची २४ बमोजिमको फर्म सहित राजश्व शीर्षक नं. १४२२९ वा गाउँपालिकाको राजश्व शाखामा रु.१,०००।- (अक्षरूपी एक हजार मात्र) जम्मा गरेको सक्कल भौचर यस कार्यालयमा पेस गरी सिलबन्दी दरभाउ पत्र फाराम प्राप्त गर्न सकिने छ ।

2. दरभाउ पत्र फाराम खरिद गर्दा चालु आ.व. का लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनीले भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि साथै आ.व.२०८०।८१ को कर चुक्ता विवरणको प्रतिलिपि साथै कालो सूचीमा नरहेको स्वघोषणा पत्र संलग्न राखी निवेदन पेस गर्नुपर्ने छ।

3. सूचना प्रकाशित भएको १६ औं (२०८२।०५।१३ गते) दिन दिनको ठिक १२:०० बजे भित्र रितपूर्वक सिलबन्दी दरभाउ पत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

4. रितपूर्वक कार्यालयमा दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं (२०८२।०५।१३ गते) दिन दिनको १:०० बजे फर्म वा कम्पनीको प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउ पत्र खोल्न वाधा पर्ने छैन। सिलबन्दी दरभाउ पत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउ पत्र फाराम भर्दा सबै विवरण खुलाई केरमेट नगरी कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

६. सिलबन्दी दरभाउ पत्र साथ कबोल गरेको जम्मा अङ्क (भ्याट समेत) को ५ प्रतिशतले हुन आउने जमानत बापतको रकम कृषि विकास बैङ्क लि, हुवास शाखामा रहेको यस कार्यालयको ग.३ धरौटी खाता नं. ०३१८५०१५०८४०१०४१ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाउँमा जारी भएको नियमानुसारको बैङ्क ग्यारेन्टी पेस गर्नु पर्ने छ।

७. रित नपुगेको वा कुनै सर्त राखिएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गरिने छैन ।

८. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यस सम्बन्धमा अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुने छ।

१०. अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं. ०६७-४११९०१ मा सम्पर्क गर्न सकिनेछ।

<u>तपसिल</u>

| सि. नं | ठेक्का नं | ठेक्काको नाम | कामको विवरण | न्यूनतम अङ्क रु. (भ्याट बाहेक) | सिलबन्दी दरभाउ पत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| 1 | आन्तरिक आय ०१।२०८२।८३ | कवाडी कर | गाउँपालिका क्षेत्रभित्रका कवाडी जन्य सामान निकासी | १,२१,८४७।- | १,०००।- |

प्रमुख प्रशासकीय अधिकृत